म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १४३ शुक्रबार, १९ पुस २०८१ ने. सं. ११४५ पोहेलाथ्व 3 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चुच्चेखोलामा सचेतना कार्यक्रम

हेटौंडा, १८ पुस/अन्तर-पुस्ता महिलावादी मञ्चको अनुपम अभियानअन्तरगत बिहीबार हेटौंडा-६ चुच्चेखोलामा सचेतना कार्यक्रम भएको छ । महिलालाई निर्णायक भूमिकामा पुऱ्याउनका लागि टेवा पुऱ्याउने उद्देश्यले सचेतना कार्यक्रम भएको हो । कार्यक्रमअन्तरगत महिला सहभागिताका लागि सन्देशमुलक ऱ्याली भएको थियो । चुच्चेखोलाबाट सुरु भएको ऱ्याली कृष्णनगरसम्म पुगेर पुन: चुच्चेखोलामा पुगी कोणसभामा परिणत भएको थियो । प्रगतिशील महिला आपसी विकास संस्थाको सक्रियतामा भएको कार्यक्रममा नारी सशक्तीकरणसम्बन्धी गीतमा महिलाले नाचगान गरेका थिए । कार्यक्रममा हेटौंडा-६ का वडासदस्य लेखराज ढकाल, नारी चेतना बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष राधिका गौतम, दिव्यज्योति आधारभूत विद्यालयका अध्यक्ष प्रमेशकुमार पराजुली, नागरिक समाज, सुरक्षाकर्मीलगायतको उपस्थिति रहेको थियो । आगामी २०८४ सम्ममा देशैभर नेतृत्वतहमा महिला पुऱ्याउने उद्देश्यले सचेतना कार्यक्रम आयोजना गरिएको अन्तर-पुस्ता महिलावादी मञ्चकी फोकल पर्सन कल्पना पराजुलीले जानकारी दिइन् ।

# निकुञ्ज र मध्यवर्तीका जनताको समस्यामा कानून बाधक

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ मध्यवर्ती क्षेत्र (बफरजोन स्टेट) का स्थानीयले वन्यजन्तुको आक्रमणबाट अकालमै ज्यान गुमाउनु परेको र वर्षभरि खानका लागि खेतबारीमा लगाएको बालीमा क्षति पुऱ्याइरहेको छ । पछिल्लो साता मकवानपुरको मनहरी गाउँपालिकामा राष्ट्रिय निकुञ्जबाट बस्तीमा प्रवेश गरेका वन्यजन्तुले मानबीय क्षति पुऱ्याएको छ ।



मनहरी-५ बसन्तपुर गुम्बाटोलमा बाघको आक्रमणबाट ७२ वर्षीया कान्छीमाया रुम्बा मृतअवस्थामा आइतबार राति करिब १० बजे घरनजिकैको बारीमा भेटिएकी थिइन् । बाघले सोमबार बिहान बसन्तपुरका सूर्यबहादुर मोक्तानको खोरमा पसेर ७ वटा बाख्रा मारेको थियो । दुईवटा घटनापछि बसन्तपुरबासी त्रसित बनेका छन् । बिहीबार पनि मनहरी-४ को ज्यामिरे, मुलखोला आसपासमा जोडी बाघ घुमिरहेको स्थानीयले बताएका छन् । बिगतका वर्षमा पनि जंगली जनावरले मनहरीबासीलाई बिभिन्न समयमा दु:ख दिने गरेको थियो ।

बस्ती छेउछाउमा हिंस्रक जंगली जनावर प्रबेश गरेपछि स्थानीयको दैनिकी नै जोखिममा पर्ने गरेको छ । जंगली जनावर आतंकले विद्यालयमा पठनपाठन पनि प्रभावित हुने गरेको पशुपतिनाथ माविका शिक्षक ईश्वर रिजालले बताए । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले मध्यवर्तीक्षेत्र र राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका जनताले भोग्दै आएका समस्या समाधानका लागि कानुन बाधक बनेको बताएका छन् । बिहीबार कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा उनले यस्तो बताएका हुन् ।

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि मन्त्रालयगत छलफलमा सहभागी मन्त्री ठकुरीले मध्यवर्ती र निकुञ्ज क्षेत्रका समस्या समाधान हुनेगरी कानुन संशोधन गरिनुपर्ने बताए । उनले आफू मन्त्री भएर आएदेखि नै यस क्षेत्रका समस्या समाधानमा केन्द्रित रहेको भएपनि कानुनी समस्या र राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति बाधक बनिरहेको बताए । उनले कानुनमा कहीँ पनि निकुञ्ज र मध्यवर्तीक्षेत्रको बीचमा रहेका जनताका समस्या समावेश नगरिएको स्पष्ट पारे । मध्यवर्तीक्षेत्र र राष्ट्रिय निकुञ्जको छेउमा रहेका जनताले न्याय पाउनेगरी ऐन ल्याउन जरुरी रहेको बताए ।

उनले भने, 'मध्यवर्तीक्षेत्र र राष्ट्रिय निकुञ्जको बीचमा जनताले पाएको दु:ख, जनताले पाएको पीडा र भोग्नुपरेका समस्याबारेमा म पनि पूर्णरुपमा जानकार छु । मैले प्रष्ट देखेको पनि छु । हामीले संसदमा यो कुरा उठाउँदै आएका पनि छौँ । मन्त्रालयको जिम्मेवारी सम्हालेको दिनदेखि नै यसमा हाम्रो ध्यान केन्द्रित हुँदै आइरहेको छ । यसलाई कसरी सरल र सहज बनाउन सकिन्छ ? भनेर हामीले मन्त्रालयका सचिवज्यू लगायतसँग छलफल गरी राखेका छौँ ।'

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले कानुनमा मध्यवर्तीक्षेत्र र संरक्षितक्षेत्रको परिभाषा प्रष्ट नभएको कारणले आमनागरिकलाई समस्या भएको बताए । उनले वन मन्त्रालयले ल्याउन लागेको ऐनमा यी समस्यालाई समाधान गर्नेगरी ऐन ल्याउनुपर्ने जोड दिए । उनले कानुन मन्त्रालय र वन मन्त्रालयले छलफल गरेर जनताले वनको उपभोग गर्ने र वन पनि नमासिने गरी ऐन ऐन ल्याउने प्रतिबद्धता व्यक्त गरे ।

उनले भने, 'मध्यवर्ती क्षेत्र र संरक्षितक्षेत्रको परिभाषा प्रष्ट नभएको कारणले आम नागरिकलाई गाह्रो भयो भन्ने सांसदज्यूहरुको जिज्ञासा हो । अब वन मन्त्रालयको ऐन आउँदैछ हामी त्यसमा मिलाएर ल्याउँछौँ । यस विषयमा वन मन्त्रालयसँग छलफल गरेपछि माननीय सांसदज्यूहरुसँग पनि अनौपचारिक छलफल गरेर यसलाई कसरी ल्याउँदा वन पनि नमासिने र त्यो एरियामा बसोबास गरेका जनतालाई पनि सहज हुनेगरी ल्याउनुपर्छ ।'

बैठकमा अधिकांश सांसदहरुले प्रकृतिको संरक्षण गर्दै वनक्षेत्रमा रहेका नागरिकको उचित व्यवस्थापनमा सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । समितिले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि मन्त्रालयगत छलफल गरिरहेको छ । बिहीबार विधेयकमाथि वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल गरिएको हो । मकवानपुरका सांसद महेशकुमार बर्तौलाले कानुन संशोधन गर्ने विषय अलि बढी जटिल रहेको बताएका छन् । सांसद बर्तौलाले मनहरी गाउँपालिकामा स्थानीयले जंगली जनावरबाट पाएको दु:खका बारेमा आफू पनि संबेदनशील भएको बताएका छन् ।

# विपद् प्रभावित सडक पूर्वाधार पुन:निर्माण गर्न रकम उपलब्ध गराइने



साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ बागमती प्रदेश विपद् परिषद्को बैठकले विपद् कार्यकारी समितिको निर्णय हुबहु अनुमोदन गरेको छ । प्रदेश विपद् कार्यकारी समितिले गत कात्तिक ६, मंसिर २० र पुस ९ मा गरेको निर्णय कार्यान्वयन गर्ने गरी विपद् परिषद्को बिहीबार बसेको बैठकले अनुमोदन गरेको हो ।

परिषद्को बैठकले प्रदेशका विपद् प्रभावित तथा सुरक्षा निकायको भवन र संकटग्रस्त स्थानीय तहको क्षतिपूर्ति तथा पुन:निर्माणका लागि रकम उपलब्ध गराउने गरी कार्यकारी समितिको निर्णय अनुमोदन गरेको आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले बताए । उनकाअनुसार गत पुस ९ मा हेटौंडा-काठमाडौं जोड्ने सडक तथा विपद्बाट क्षति पुगेका अन्य सडक मर्मतका लागि रकम उपलब्ध गराउने निर्णय गरेको हो । कुलेखानीस्थित सीमखोलामा बेलिब्रिज हाल्ने निर्णय भएको थियो ।

बैठकले गत असोज ११ गतेदेखिको वर्षाको कारण क्षति भएको काठमाडौं र हेटौंडा जोड्ने प्रदेश लोकमार्गसहित विपद् प्रभावित मार्गहरु पुन: निर्माणका रकम उपलब्ध गराउन निर्देशन दिएको मन्त्री लामिछानेले बताए । भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत् आग्रह भएकाले हेटौंडा-काठमाडौं जोड्ने तथा अन्य महत्वपूर्ण सडकको हकमा बजेट शीर्षक कायम गरी अर्थ विविधबाट रकम प्रदान गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरेको उनले बताए ।

विपद् कार्यकारी परिषद्मा भौतिक पूर्वाधार विकास मन्त्रालयले विपद् प्रभावित सडकहरु पुन:निर्माणकार्य सञ्चालनका लागि तत्काल १५ करोड २५ लाख रुपैयाँ माग गरेको थियो । यो रकमले काम सुरु गरी आगामी आर्थिक वर्षको बजेटमा थप रकम व्यवस्था गरेर प्रादेशिक सडकहरु मर्मत गर्ने लक्ष्य रहेको मन्त्रालयले जनाएको छ । गत असोजको विपद्बाट सडक पुल तथा अन्य संरचनामा २ अर्बभन्दा बढीको क्षति पुगेको मन्त्रालयको तथ्यांक रहेको छ ।

त्यस्तै बैठकले गत मंसिर २० मा विपद् कार्यकारी परिषद्ले विपद्बाट भएको क्षतिको आकस्मिक मर्मत सम्भार, लगायतका कार्य गर्न आवश्यक बजेट व्यवस्थापनको लागि सम्बन्धित मन्त्रालयको बजेटबाट आन्तरिक व्यवस्थापन गर्ने निर्णय गरेको थियो भने विपद् प्रभावित नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट आकस्मिक मर्मत सम्भारका लागि ४० लाख प्रदान गर्ने निर्णय गरेको थियो ।

त्यसैगरी गत कात्तिक ६ मा बसेको विपद् कार्यकारी परिषद्को बैठकले काभ्रेको रोशी गाउँपालिकालाई विपद् व्यवस्थापनका लागि थप १२ लाख रुपैयाँ प्रदान गर्ने, विपद् प्रभावित स्थानीय तहको लागि १ करोड २० लाख रुपैयाँ रकम उपलब्ध गराउने निर्णय गरेको थियो । निर्णय शुक्रबार बस्ने प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकमा प्रस्ताव पेस गरी निर्णय गराएर आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट व्यवस्था गरिनेछ ।

# आधुनिक-भुटनदेवीको टोली बुटवलको कालिकामा



साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ हेटौंडामा रहेका दुई ठुला विद्यालयलाई एकीकरण गर्दै मेघा विद्यालय बनाउने लक्ष्य सहितको टोलीले बुटवलमा रहेको कालिका मानवज्ञान माध्यमिक विद्यालयको अवलोकन गरेको छ ।

हेटौंडा उपमहानगर-४ का वडाध्यक्ष तथा भुटनदेवी माविका अध्यक्ष नवीन सिग्देल सहित आधुनिक राष्ट्रिय माविका अध्यक्ष समिम खान, प्रधानाध्यापक रामसागर गुरागाई, भुटनदेवी माविका प्रधानाध्यापक माधवप्रसाद दाहाल, शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ का संयोजक श्रीराम दाहाल, हेटौंडा उपमहानगर पालिका शिक्षा महाशाखा अधिकृत हरिचन्द्र सापकोटा सहितको टोलीले देशकै सबैभन्दा धेरै विद्यार्थी अध्यापन गर्ने कालिका मानवज्ञान माविको अवलोकन गरेको हो ।

अबलोकनको क्रममा हेटौंडाको टोलीले विद्यालयलाई एकीकृत गर्दाको अवस्था, ठूलो संख्याको कर्मचारी र विद्यार्थीको सफल व्यवस्थापन, चुनौती, संभावना र अवसरको बारेमा विद्यालय प्रशासनसँग जानकारी लिएको थियो । जानकारी दिँदै कालिका मानवज्ञान माविका प्रधानाध्यापक दिनेश थापाले मर्ज गरिने दुई विद्यालयको व्यवस्थापन समिति, स्थानीय सरकारले समन्वयको भूमिका निर्वाह गरे एकीकरण प्रक्रिया ठूलो समस्या नहुने बताए ।

सफल विद्यालय एकीकरण गरेर मेघा विद्यालय बनाउने विषय चुनौतीपूर्ण रहेपनि एकता सहितको कार्य गरे अभियान सफल हुने उनको भनाई छ । अबलोकनको क्रममा भएको अन्तरक्रियामा बोल्दै बुटवल उपमहानगरपालिका वडा नम्बर १० का वडाध्यक्ष बलबहादुर पुनले ठूलो विद्यालय बनाएर देशकै नमूना बनाउने गरी हेटौंडामा भएको प्रयास उचित भएको बताउदै यो अभियानमा आफूहरुको अनुभवलाई आधुनिक-भुटनदेवी एकीकरण गर्दा प्रयोग गर्न सहयोग गर्ने प्रतिवद्दता व्यक्त गरे ।

कार्यक्रममा बोल्दै हेटौंडा-४ का वडाध्यक्ष सिग्देलले सीमाना जोडिएको विद्यालयलाई एक बनाएर देशकै ठूलो र नमूना विद्यालय बनाउने अभियानमा सम्पूर्ण हेटौंडाको सहयोग रहेको उल्लेख गरे । कालिकाको व्यवस्थापनबाट आफूहरुले पनि सहज ढंगबाट यो अभियानलाई निचोडमा पुऱ्याउन सफल हुने उनले विश्वास व्यक्त गरे । अवलोकन भ्रमणमा आधुनिक र भुटनदेवीका विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको पनि सहभागिता थियो ।

# गाँजासहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ मकवानपुर प्रहरीले अवैध लागूऔषध सहित हेटौंडाबाट बिहीबार बिहान दुईजनालाई पक्राउ गरेको छ । प्रहरीले हेटौंडा उपमहानगरपालिका-१० नारायणी मल नजिकबाट अवैध लागूऔषध गाँजा करिब १० किलो २७० ग्रामसहित दुईजनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा कैलाश गाउँपालिका-५ भैराङ बस्ने ३० वर्षीया अंजली गोले र हेटौंडा उपमहानगरपालिका-३ बसामाडी बस्ने ५१ वर्षीया ज्ञानुमाया गोले रहेको प्रहरीले जनाएको छ । उनीहरुलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका उनीहरुमाथि आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाइएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# चेपाङ संग्रहालय र कोसेलीघर

राक्सिराङ गाउँपालिकाले चैनपुरमा निर्माण गरिरहेको चेपाङ सग्रहालयलाई कोसेलीघरको रुपमा पनि प्रयोग गरिने भएको छ । चेपाङ समुदायको पहिचान र संस्कृतिसँग जोडिएका सामानहरु संग्रहालयमा अवलोकनका लागि राख्न राक्सिराङ गाउँपालिकाले संग्रहालय भवन निर्माण गरिरहेको हो । चेपाङ बाहुल्य रहेको मकवानपुरको राक्सिराङ गाउँपालिकाले चेपाङ समुदायमा परापूर्वकालदेखि प्रयोग गर्दै आएको तर, लोपोन्मुख अवस्थामा रहेका सामग्री अवलोकनका लागि राख्न चेपाङ संग्रहालय निर्माण गरेको हो । उनीहरुले विगतमा प्रयोग गरेका तर, अहिले लोप हुने अवस्थामा पुगेका सामग्रीहरु संरक्षण गर्ने उद्देश्यले गाउँपालिकाले ठूलै लगानीमा संग्रहालय निर्माण गरिरहेको गाउँपालिकाले जनाएको छ । राक्सिराङ गाउँपालिका-५ चैनपुरमा ३ करोड ६३ लाख रुपैयाँको लागतमा संग्रहालय भवनको निर्माणकार्य अन्तिम चरणमा पुगेको छ ।

तीनतले भवनको तल्लो तलामा चेपाङ समुदायले विगतदेखि वर्तमानसम्म प्रयोग गर्दै आइरहेका र उनीहरुको संस्कृति र पहिचान झल्कने सामग्री राखिने भएको छ । हालसम्म ८० प्रतिशत काम सकिएको र आगामी चैतसम्ममा संग्रहालय निर्माणकार्य पूरा हुने गाउँपालिकाले जानकारी दिएको छ । राक्सिराङ गाउँपालिकाको केन्द्रसमेत रहेको चैनपुरमा विगतमा चेपाङ संग्रहालय संचालनमा थियो । अवलोकन र अध्ययनका लागि विभिन्न स्थानबाट मानिसहरु आउने गर्थे । २०७२ सालमा आएको भूकम्पले संग्रहालय भवनमा क्षति पुऱ्याएको थियो । बिगतमा सुरुवात मात्रै भएको र त्यसैलाई ब्यवस्थित बनाउनका लागि भवन निर्माणकार्य भइरहेको गाउँपालिकाले जनाएको छ । भवन जीर्ण हुँदै गएकाले २०७८ साउनदेखि नयाँ भवन निर्माणकार्य सुरु गरेको हो । तत्कालीन जिल्ला विकास समितिको सहयोगमा चैनपुरमा २०६७ सालदेखि चेपाङ संग्रहालय स्थापना गरिएको थियो । चेपाङ समुदायका पूर्वजहरुले प्रयोग गर्ने जाबीझोला, हलो, कुटो, कोदालो, सिप्रिङ, भुर्लुङ, ठेकी, कोसी, घुमलगायत सामग्री राख्ने योजना रहेको नेपाल चेपाङ संघ मकवानपुरले जनाएको छ । चेपाङ जातिको भेषभूषा, आभूषण, रीतिरिवाजमा प्रयोग गरिने सामग्रीहरु राखिने योजना रहेको बताइएको छ । चेपाङ समुदायको कला, साहित्य, भाषा, संस्कृति, रहनसहन, भेषभूषा, परम्परा, दैनिक जीवनयापनका कुरा लोप हुने अवस्था आउन नदिन गाउँपालिकाको आफ्नै स्रोतमा संग्रहालय भवन निर्माण सुरु गरेको हो ।

चेपाङ समुदायले खोरियामा उत्पादन गरेका कन्दमूल, गेडागुडी, चिउरीको घीउ, मह, अंमृसोको कुचो, खरेटो आदि बिक्री गर्ने कोसेली घरको रुपमा पनि संग्रहालयलाई प्रयोग गरिने बताइएको छ । आन्तरिक पर्यटकका लागि चेपाङ संस्कृतिबारे जानकारी गराउने र अर्गानिक बस्तु कोसेलीका रुपमा लिएर जानसक्ने गरी संग्रहालय संचालनमा ल्याइने योजना रहेको छ । बिगतमा चेपाङ विकास कार्यक्रम अर्न्तगत संग्रहालयको सुरुवात गरि एको भएपनि मुलुक संघीयतामा गएपछि स्थानीय सरकारको जिम्मेवारीमा आएको हो । २०७८ साउनबाट निर्माण सुरु भएको संग्रहालय भवन कलात्मक रहेको छ । चेपाङ समुदायले जंगलमा पाइने कन्दमूल र खोलाको माछा मार र दैनिक जीवनयापन गर्दै आएका छन् । चेपाङ समुदायको मुख्य बसोबास भने चितवन, धादिङ, मकवानपुर र गोर्खा हो । पछिल्ला वर्षहरुमा अधिकांश चेपाङ समुदायले आफ्नो मौलिक र परम्परागत धर्म परिवर्तन गरी क्रिश्चियन धर्ममा लागेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस २० गते शनिबार ४ जनवरी २०२५ । पञ्चमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:२१ । श्री गुरु गोविन्द सिंह जयन्ती

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रतिष्ठित काम पाइनेछ | **तुला** | : चुनौतीहरु बढ्नेछन् |
| **वृष** | : सामाजिक दायित्व बढ्नेछ | **वृश्चिक** | : आम्दानी घट्नेछ |
| **मिथुन** | : काममा सहयोग मिल्नेछ | **धनु** | : मित्रताले हर्ष बढ्नेछ |
| **कर्कट** | : अनावश्यक खर्च हुनेछ | **मकर** | : कामको तारिफ हुनेछ |
| **सिंह** | : चिताएको काम बन्नेछ | **कुम्भ** | : अरुको मन लोभ्याउन सकिनेछ |
| **कन्या** | : नसोचेको फाइदा पाइनेछ | **मीन** | : दाम कमाउने बेला छ |

# भ्रष्टाचार विधेयकबाट नीतिगत निर्णयको दफा नै फाल्नुपर्छ

मुद्दा चलाउनेले नै "भोलि तपाईंको मुद्दा जानेजस्तो छ, रोक्न प्रयास गर्नुस् है" भनेर फोन गरेका उदाहरण सुनिएका छन् । अलि कडा ढंगले फोनको घन्टी बजाउन सक्नेहरू सफल पनि भएका छन् । कानुनको शासनमा यस्तो कुरा गर्न मिल्छ ? यो शैलीले गन्तव्यमा पुगिन्छ ?



✍ ईश्वरप्रसाद खतिवडा

भ्रष्टाचार नियन्त्रणको विषय जल्दोबल्दो छ । भ्रष्टाचार रोक्ने कुरा केही जटिल पनि छ, तर नियन्त्रण हुनुपर्छ भन्नेमा विवाद छैन । भ्रष्टाचार, लुटतन्त्र जे नाम दिएपनि गलत प्रवृत्तिका क्रियाकलापहरू वृहत परि भाषाबाट हेर्दा भ्रष्टाचार नै हुन् । भ्रष्टाचार समाजका लागि नौलो होइन । युरोप अमेरिकामा पनि छ, चीनमा भ्रष्टाचार भएमा मृत्युदण्ड दिइन्छ । नेपालमा पनि भ्रष्टाचार छ । मानव समाजको सुरुवातदेखि आजसम्म कुनै न कुनै रूपको भ्रष्टाचार छ । त्यो हाम्रो समाजमा छ, अर्को समाजमा पनि छ ।

भ्रष्टाचारको मात्रा कतिसम्म हुँदा सह्य हुने हो ? कुन मात्राबाट बढी भएपछि असह्य हुने हो ? समाजको सर्वकालीन बहसको विषय हो । भ्रष्टाचार राज्यविरुद्धको कसुर र समाज विरुद्धको काम हो अनि दण्डनीय विषय हो । भ्रष्टाचारलाई बढ्न दिनुहुँदैन, सकेसम्म घटाउनुपर्छ भन्ने मूल मान्यता छ । यस मामिलामा सबैतिर साझा दृष्टिकोण छ । त्यसैले भ्रष्टाचार नियन्त्रण गर्ने विषय समाजका लागि चुनौती छ ।

**प्रयास भइरहेको छ**

नेपालमा भ्रष्टाचार छ, अनि भ्रष्टाचार नियन्त्रण गर्ने प्रयास पनि छ । होइन भने समाज अहिले जुन ढंगले चलिरहेको छ, त्यसरी चल्ने थिएन । हामीसँग संविधान, ऐन, कानुन छन् । नियमहरू बनाइएको छ, पद्धति निर्माण भएको छ । एक तहको सचेतना पनि छ ।

भ्रष्टाचार समाजका लागि उचित होइन भनेर राज्यसंयन्त्रले कानुन बनाएको छ । भ्रष्टाचार नियन्त्रणमा काम गर्ने संस्थागत संरचनाहरू बनेका छन् । अधिकार हुनेले त्यसलाई सही ठाउँमा प्रयोग गर्न खोज्यो भने कहीँ न कहीँ भ्रष्टाचार नियन्त्रण हुँदोरहेछ । हामीकहाँ काम भएका छन् । संस्थाहरूले काम गरेका छन् । अख्तियार राज्यको निकाय हो र निश्चित जिम्मेवारी उसँग छ ।

मुलुकका हरेक राज्य सञ्चालकहरूको आ-आफ्नो जिम्मेवारी छ । न्यायपालिकामा प्रधानन्यायाधीशदेखि तल्लो तहको कर्मचारी होला । सरकारमा पनि त्यस्तै होला । आफ्नो जिम्मेवारी सबैले निर्वाह गर्नुपर्ने हुन्छ । तर सबैको ध्यान पुगेको छैन । परिणाम, सुशासन, विकास निर्माणका काम प्रभावित भए । सामाजिक जीवन प्रभावित भयो । हाम्रो आर्थिक समृद्धि र उन्नतिका विषय प्रभावित भयो । त्यसको मूल कारण भ्रष्टाचार हो । अरु विभिन्न कारण होलान, तर मुख्य कारण भ्रष्टाचार नै हो ।

कति भ्रष्टाचार हुँदा ठिकै हो, कति भएपछि अति हुन्छ, त्यसको आफ्नै तह होला । ३० प्रतिशत भ्रष्टाचार ठिकै हो कि अलि बढी हो, आफ्नो ठाउँमा प्रश्न होला । तर कतै एक ठाउँमा अन्याय हुनु भनेको समाजको अर्को ठाउँको न्यायको लागि जोखिम हो भन्ने चर्चित भनाइ छ ।

**नीतिगत भ्रष्टाचारलाई उन्मुक्ति ?**

मन्त्रिपरिषद्ले गरेको नीतिगत निर्णयको विषय भ्रष्टाचारको कारबाहीको दायरा बाहिर राख्नुपर्छ भनेर राखिन्छ । तर, मलाई अनौठो लागेको छ कि त्यसमाथि किन प्रश्न उठ्न सकेको छैन ? के नीतिगत निर्णयको नाममा भ्रष्टाचार गर्ने छुट कानुनले दिएको हो ? अन्यत्र पनि यस्तो अभ्यास छ र ? यो त सरासर बेइमानी भएन ?

संस्थागत भ्रष्टाचार अर्थात् भ्रष्टतन्त्रको कुरा गर्नुहुन्छ भने त मन्त्रिपरिषद्को निर्णयबाट भ्रष्टतन्त्र सुरु भएको देखिन्छ । नीतिगत निर्णयको नाममा भ्रष्टाचार गर्न पाइँदैन । त्यस्ता निर्णयहरू कानुनी दायरामा आउनुपर्छ । नीतिगत निर्णयलाई कानुनी दायरामा नल्याउनु भनेको शासकहरूले आफूलाई भिन्न वर्गको रूपमा स्थापित गर्न बनाएको कानुनलाई मान्यता दिनु हो ।

२०४९ सालमा कानुन बनाउँदा यो कुरा लेखिएको रहेछ । त्यतिबेला भर्खरै मात्रै बहुदलीय व्यवस्था आएको रहेछ । प्रशासन संयन्त्रमा पञ्चायतकै पालामा तयार भएकाहरू थिए । कहीं कतै यही विषय समातेर हामीलाई अप्ठेरो पार्ने त होइनन् भन्ने उद्देश्यले नयाँ आएकाहरूले आफनो कुर्सी सुरक्षित पार्न यस्तो कानुन बनाए । त्यसमा आफूले गरेका गलत क्रियाकलाप ढाकछोप गर्ने नियत स्पष्ट थियो ।

त्यो व्यवस्थालाई अहिलेसम्म यथावत राखिएको छ । अस्ति भ्रष्टाचार सम्बन्धी कानुन परिमार्जनको विधेयक अघि बढाउँदासम्म पनि नीतिगत निर्णयमा यसो र उसो व्याख्यात्मक व्यवस्था राखने कि नराख्ने भनेर छलफल गरिरहेका छन् । त्यो दफा फाल्दिऊँ भन्ने बुद्धि कसैको किन नआएको हो ? त्यो दफासँग त्यतिबिघ्न दोस्ताना किन हो ?

कसैलाई यो ढंगको बेइमानी गरेर फाइदा लिनु छैन भनेपनि उनीहरू त्यही शैली र लयमा रमाइसकेका छन् । त्यही बाटोमा र माइरहेकाहरूले अर्को बाटो हिंड्न बिर्सिसके । यति स्पष्ट देखिने कुरा मानिसहरूले किन देखिरहेका छैनन् ? यस्तो व्यवस्था हुनुहुँदैन भन्ने तर्क सुन्ने धैर्य हाम्रो शासकवर्गमा छैन । ऐनमा त्यस्तो लेख्नु भनेको नीतिगत र कानुनी रूपमै बेइमानी हो ।

कानुनमा मात्रै होइन, कार्यान्वयनमा पनि दोहोरो मापदण्ड छ । नीतिगत निर्णय गरेको मानिसलाई भ्रष्टाचारको कारबाही नचल्ने हो भने अरु कसैलाई पनि मुद्दा चलाउनु भएन । मुद्दा चल्ने हो भने निर्णयमा जोडिएका जो जो हुन्, सबैलाई मुद्दा चल्नुपर्ने होला नि !

लाउडा विमान भाडा प्रकरणमा अख्तियारले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई लगेर बयान, कागज गराएको थियो । पछि मुद्दा चलाउने बेलामा पनि केही न केही नोट लेखेको थियो । बयान गराउन हुने, मुद्दा चलाउन नहुने ? उहाँलाई मुद्दा चलाउनुपर्थ्यो भन्ने मेरो आशय होइन । आफूलाई सजिलो पर्दा नीतिगत निर्णयको सिरानी हाल्ने, अप्ठेरो पर्दा अरु कुरा गर्ने काम भइरहेको छ ।

ललिता निवासको फाइल मन्त्रिपरिषद्मा पठाउनेलाई भ्रष्टाचारको मुद्दा चलेको छ । तर, मन्त्रिपरिषद्को नेतृत्व गर्ने प्रधानमन्त्रीलाई मुद्दा चलेन । नीतिगत निर्णयको परिभाषाभित्र प्रधानमन्त्री मात्रै पर्ने, अरु नपर्ने हो ? तर नीतिगत निर्णयको परिभाषामा परे सबै पर्ने, नभए कोही पनि नपर्ने हुन्थ्यो होला नि । कसैको हकमा त्यही कानुन लागू हुने, कसैको हकमा केही नहुने, यो कसरी भयो ?

नीतिगत निर्णय भनेको लौरोमा टोपी लगाइदिए जस्तो हो । नमिल्ने ठाउँमा प्रयोग भएपछि त्यसको संगति देखिँदैन । मन्त्रिपरिषद्को हकमा नीतिगत निर्णयको विषय त्यस्तै भएको छ । नीतिगत निर्णयमाथि समाजमा किन प्रश्न उठिरहेको छैन ? किनकि नीतिगत निर्णय भ्रष्टाचारको एउटा जड हो ।

मन्त्रिपरिषद्मा बसेर निर्णय गरेपछि हामीले यहाँ बसेर जे निर्णय गरेपनि कसैले केही गर्न सक्दैन भनेर कार्यालय प्रमुखले टुंग्याउने ठेक्कापट्टाको निर्णय पनि उनीहरूले गर्न थाले । तल्लो तहमा हुने निर्णय पनि मन्त्रिपरिषद्बाट टुंग्याएर कमिसन खाने काम गर्न मिल्छ ? त्यस्ता निर्णयलाई हामीले नीतिगत निर्णय मान्नुपर्ने अनि त्यस्तो कानुन व्यवस्था गलत हो भनेर कोही नबोल्ने ?

**विशेषज्ञताको अभाव**

हामीकहाँ विषयगत ज्ञान र विशेषज्ञताको पनि अभाव छ । सबै विषयमा सबै मानिस विज्ञ हुँदैनन् । हामी सबैका आ-आफ्ना सीमा छन् । हामीकहाँ भ्रष्टाचार नियन्त्रण गर्ने अख्तियार नामको एउटा निकाय छ । त्यहाँ आज को सरुवा भएर जान्छ, भोलि को पुग्छ, टुंगो छैन । अनुसन्धान गर्न धेरै ज्ञान र सिप चाहिन्छ । तर त्यहाँ विज्ञता तयार गर्ने परिस्थिति नै निर्माण भएन ।

अनुसन्धान जस्तो संवेदनशील विषयमा संलग्न हुनेहरूलाई आधारभूत सीप र तालिम दिइएन । राज्यसञ्चालन गर्ने ठाउँमा भएकाहरूलाई परिआउँदा हत्कडी लगाउनुपर्ने जिम्मेवारी भएका मानिसलाई पर्याप्त तालिम समेत छैन । अनि ज्ञान कहाँबाट आउछ ?

त्यसको नतिजा अभियोजनमा देखिन्छ । काम न काजका थोत्रा कागजले बोरा भरेका हुन्छन् र पहाड नै छेडेको भन्छन् । हेर्दै जाँदा केही पनि नदेखेपछि अदालतले छाडिदिन्छ । बदमासी भएको महसुस हुँदाहुँदै पनि प्रमाणको अभावमा आरोपितहरूलाई छाड्नुपर्छ । न्यायाधीश भएपछि न्यायाधीश भएरै काम गर्नुपर्ने हुन्छ, भावनामा बहेर चल्दैन ।

अख्तियारमा प्रहरीका केही कर्मचारीहरू हुन्छन्, अनुसन्धानका केही काम उनीहरूले गर्छन् । ज्यान मारेको, चोरी, डकैती जस्ता अपराधको सिद्धान्त र तौरतरिका भ्रष्टाचारको अनुसन्धानमा प्रयोग हुँदैन । जे जानेको छ, त्यही गर्दा नतिजा देखिँदैन ।

अदालतमा पनि विशेषज्ञताको अभाव छ । फौजदारी न्यायका सामान्य सिद्धान्तबाट तिनलाई हेर्छ र फैसला गर्छ । यस्ता विषय निरन्तर देख्न थालेपछि मलाई 'अति नै भएको' महसुस भयो । २०७४ सालमा एउटा मुद्दाको रोहमा हामीले फैसला गरेका थियौं । त्यसमा हामीले भ्रष्टाचारको सन्दर्भमा सही विधिशास्त्र अघि बढेको छैन भनेका छौं । त्यसमा भ्रष्टाचारमैत्री विधिशास्त्रलाई सुधार गर्नुपर्छ भनेर लेखिएको छ ।

भ्रष्टाचारका सन्दर्भमा संयुक्त राष्ट्रसंघीय अभिसन्धि छ । सन् २००४ देखि लागु भएको अभिसन्धिले केही नयाँ विधि र पद्धतिको वकालत गरेको छ । त्यसलाई हामीले वास्ता गरेनौं । गर्नुपर्ने न्यूनतम काम नगरेर गलत बाटो हिंडेपछि सुखद परिणाम नआएको हो ।

**कस्ता पात्रले जिम्मेवारी पाए ?**

अख्तियारले माथिदेखि तलसम्म सबै भ्रष्टाचार नियन्त्रण गर्न सक्ने क्षमता राख्छ कि राख्दैन ? जुन सञ्जाल र उपस्थिति हुनुपर्ने हो, त्यो छ र ? प्रश्न उठ्छ । कुनै पनि निकायको काम कारबाहीको प्रभावकारिताका लागि विश्वासनीयता आर्जन गर्नुपर्छ । हाम्रो संस्थाहरू धरासायी भए । कमजोर भए, विश्वास हरायो ।

जसलाई भ्रष्टाचारको कारबाहीका लागि जिम्मेवारी दिइएको छ, उनीहरू भागबन्डाबाट नियुक्त भएका छन् । यो सबैले राम्ररी देखिरहेको विषय हो । नियुक्तिका बेलामा 'चन्दा' लगायतको कुरा सुनिन्छ । नियुक्ति भएकामध्ये कोही रंगेहात परेका छन्, कोही विरुद्ध मुद्दा नै चलेको छ । अरुले गरेको बदमासी खोज्ने जिम्मेवारी पाएकाहरू नै भ्रष्टाचारको आरोपमा छानबिनमा परेका छन्, मुद्दा चलेको छ ।

उदाहरका लागि कुनै बेला कुनै एउटा पात्रलाई केही वर्षअघि सार्वजनिक जिम्मेवारीबाट धपाइएको यथार्थ हो । दुई चार वर्ष बित्न नपाउँदै सबै पात्र मिलेर उनलाई काँधमा बोकेर त्यहाँ बसाएका थिए । पठाउनु ठिक थियो कि ल्याएर राख्नु ठिक थियो ? यसमा यो भन्दा धेरै टिप्पणी नगरौं ।

आउने त अवसर पायो आयो । ल्याउनुपर्ने थियो भने हिजो किन पठाएको ? पठाउनुपर्ने थियो भने आज किन ल्याएको ? पठाउने पनि यिनै हुन्, बोक्ने पनि यिनै हुन् । भ्रष्टाचार गर्ने पनि यिनै हुन्, पछि आइलागेपछि भागाभाग गर्ने पनि यिनै हुन् । संस्थालाई त्यस्तो बनाउने, त्यो संस्थाको प्रमुख भएको मान्छे अदालतमा दिनदिनै तारिख धाएर हिंड्नुपर्ने अवस्था छ ।

हाम्रा संस्थाले दुरुस्त काम गर्छन भनेर कसरी विश्वास हुन्छ ? बाहिर १० थरी निर्णय गरेपछि टाउको लुकाउन त्यो घरभित्र पस्ने गर्न थाले । एक/दुई वर्ष बसेपछि सुन पानी छर्किएर बाहिर निस्किने परिपाटी बन्यो । संस्थाको विश्वसनियता राख्ने काम हाम्रो राज्यसंयन्त्रबाट भएको छैन । अहिले हामीले गुनासाका भाषाहरू बोल्नु त्यसैको परिणाम हो ।

हामीले भ्रष्टाचारका समस्यालाई बुँदागत रूपमा उल्लेख गर्दै जाने हो भने १५/२० वटा सूची तयार होला । समाधानका विषय लेख्दै जाँदा त्यति नै बुँदा बन्लान् । कानुनी सुधार अर्को पाटो हो, कानुनमा भएका छिद्र टाल्नुपर्ने छ । बेइमानहरू छिर्न सहज भएका कानुनी छिद्र टाल्नुपर्ने हुन्छ । तर छिद्र अझै खुकुलो बनाउने कोसिस भइरहेको छ । त्यो उल्टो बाटोमा हामी किन हिँडेको ? कोही बोल्नु पर्दैन ?

रंगेहात पक्राउ (स्टिङ अपरेसन) बाट अनुसन्धान गरेर घुससहित मुद्दा चलाउने अभ्यास चलेको थियो । त्यसमा केही कानुनी त्रुटि थिए । ऐनमा नभएको व्यवस्था नियमावलीमा थपेर प्रयोग भइरहेको थियो । प्रत्यायोजित विधायनको अवधारणा नाघेर नियम बनाइएको थियो । त्यस्तो संवेदनशील विषय कानुनमै सम्बोधन गर्नुपर्ने हो, सरकारले बनाएको नियमबाट कार्यान्वयन गर्नु गलत थियो । तर जब यो रोकियो, अदालतले स्टिङ अपरेसनलाई निषेध गऱ्यो भन्ने हल्ला चलाए ।

यो व्यक्तिगत स्वतन्त्रता पनि जोडिएको विषय हो । एउटा झ्यालबाट पैसा फालिदिने अनि ढोकाबाट गएर पक्राउ गर्ने काम पनि भए । पक्राउ परेका सबै बदमास मात्रै थिए त ? राज्यशक्तिले त्यसरी प्रतिशोधमा व्यक्ति पक्राउ गर्न मिल्छ ? त्यो विषय कानुनी सम्बोधन गर्ने विषय होइन । अहिले एउटा हतियार थियो त्यो पनि अदालतले रोकिदियो भन्छन् । रंग न ढंगको भुत्ते हतियार लिएर हिँडेपछि अदालतले रोक्छ नि !

**हदम्याद र बेनामे उजुरी**

भ्रष्टाचार नियन्त्रणको कानुनमा हदम्याद राख्न खोज्नुमा बेइमानी नियत छ, यसलाई स्पष्ट शब्दमा भन्नुपर्छ । हिजो ०६५/०६६ सालको निर्णयको विषयमाथि अस्ति भर्खर ललितानिवासको मुद्दा चलेको छ । एकातिर त्यसमा गर्व गर्ने अनि भ्रष्टाचार अनुसन्धानमा ५/१० वर्षे हदम्यादको वकालत गर्ने ? यहाँ आँखा छलेर सहजै पाँच वर्ष कट्छ । हदम्यादको पछाडि बेइमानी लुकाउने अभिष्ट छ ।

हामीले अहिले देखिरहेका छौं, एक जना हुनुहुन्थ्यो सत्तामा । उहाँ सत्तामा हुन्जेल कुनै विषयमा कारबाही गर्नुपर्ने आधार राज्यको पुलिसले देखेन । केही गर्नुपर्ने छैन भनेर वक्तव्य नै निकाल्यो । उहाँ सत्ताबाट निस्किनुभयो, आधार भेटियो । विषय त्यही हो, कागज त्यही हो, मान्छे तिनै हुन् । पक्राउ गरेर थुनामा राखेको राखेको राख्यै छ, कहिले बाहिर निस्किने हो, थाहा छैन ।

नपक्रेको ठिक हो कि पक्रेको ठिक हो ? अदालतमा विचाराधीन विषयमा बोल्न मेरो धर्मले दिँदैन । तर, एउटा प्रश्न भने उब्जिएको छ । कारबाही अघि बढाउनु ठिक हो भने हिजो वक्तव्य निकालेर किन 'केही पनि छैन' भनेको ? यदि हिजोकै कुरा ठिक हो भने आज यसो किन गरेको ? यो राज्यमा यति चाँडै दुई खाले कुरा हुन्छन् । यो त प्रतिनिधि उदाहरण मात्रै हो । त्यसैले पाँच वर्षको हदम्याद ठिक होइन ।

अघि गिरिबन्धु जग्गा प्रकरणको प्रसंग आएको थियो । आफैले फैसला लेखेकाले त्यस बारेमा ज्यादा टिप्पणी नगरौं । तर त्यो एउटा कम्पनीको विषय थियो । अहिले १०१ वटा कम्पनी त्यो छुट र बिक्री बन्दोबस्तीका लागि भूमिसुधार मन्त्रालयमा प्रक्रियामा छन् । धेरैलाई लागु हुने भएपनि त्यो पनि नीतिगत विषय होला । कसैको थोरै जग्गा होला, कसैको धेरै छ ।

**निजीक्षेत्रमा पस्ने ?**

अख्तियारको क्षेत्राधिकार निजी क्षेत्रमा पनि विस्तार हुनुपर्ने आवाज उठिरहेको छ । सरकारी क्षेत्रको भ्रष्टाचार त हेर्न नसकेको अख्तियारलाई निजी क्षेत्र पनि हेर्न दिने ? त्यस्तो कदम सागवारीमा साँढे पठाए जस्तो हुँदैन ? निजी क्षेत्रमा पनि अख्तियार विस्तार हुनुपर्ने आवश्यकता कहाँबाट जन्मिएको हो ?

कुनै निजी क्षेत्रको मानिसले सार्वजनिक पदाधिकारीलाई प्रभावित पारेर भ्रष्टाचार गरेमा अहिले पनि अनुसन्धान गर्न बाधा छैन । त्यति हुदाँहुदै निजी व्यापार व्यवसायमा किन अख्तियार जानुपर्ने हो ? हामी कानुन सुधारको नाममा विकृत बाटोमा गइरहेका त छैनौं ?

विगत एक वर्षमा संसदको दुईवटा अधिवेशन बसेकोमा करिब सयवटा बैठक बसेका रहेछन् । चारवटा कानुन पारित भए । ती कानुन पनि आर्थिक ऐन अर्थात आर्थिक क्रियाकलाप चलाउन आवश्यक छन् । संसदमा करिव दुई सय विधेयक अहिले पनि विचाराधीन छन, जुन प्राथमिकतामा परेका छैनन् । हाम्रो संघीय संसद सरकार बनाउने र हटाउने प्रक्रियामा सीमित भयो । कानुन निर्माण महत्वको विषय बनेन् । यसवारे कहाँ गुनासो गर्ने हो ?

भ्रष्टाचार र लुटतन्त्रमा दुई पक्षविच सामञ्जस्य हुन्छ, समझदारी बन्छ, द्वन्द्व हुँदैन । चोरीमा, लुटमा द्वन्द्व हुन्छ । चोर र प्रहरीबीच छिनाझम्टी हुन्छ । भ्रष्टाचारका घटनामा विरोधी तत्व हत्तपत्त अगाडि आउँदैन । वन काटेको घटनामा को संलग्छ छ ? छिमेकीलाई सोधेर थाहा हुँदैन ।

भ्रष्टाचारमा संलग्न, त्यसका मतियारहरूले घटना सकेसम्म लुकाउने प्रयास गर्छन । अपवादको रूपमा कुरा नमिलेमा मात्रै यथार्थ बाहिर आउँछ । नाम किटेर उजुरी गर्ने मानिसहरू भेटिँदैनन् । करिब ५ सय उजुरीमा एकाध मानिसहरूले मात्रै नाम खुलाएर उजुरी गर्छन्, अरु बेनामे नै हुन्छन् ?

यो परिस्थिति र धरातलीय यथार्थमा बेनामे उजुरीलाई निषेध गर्नुको अर्थ के हो ? बेनामे उजुरी अस्वीकार गर्नु भनेको 'भ्रष्टाचार संस्थागत भइसकेको छ, बेनामे उजुरी यहाँ नल्याउनु' भनेको होइन ? 'हामीले जे पनि गर्छौं, तिमीहरू चाइँचुइँ नगर्नु' भनेको होइन ?

हामीकहाँ कानुनको शासनमा समस्या भयो । जो जति बलियो वा कमजोर भएपनि कानुनका नजरमा समान हुन्छ भन्ने कानुनी शासनको मूलभूत चरित्र हो । तर यहाँ त कानुनले वर्गविभाजन गरिदिएको छ । एउटा वर्ग कानुनी दायरामा पर्ने, अर्को वर्ग दायरामा नपर्ने भएको छ ।

मलाई कसैले सुनाए अनुसार, हिम्मतवालाले 'तिम्रो यति काम गरिदिन्छु, मलाई कति फाइदा हुन्छ ?' भनेर सोध्छ रे ! त्यति आँट नगर्ने र अलि इमान्दार देखिनेले कुटनीतिक शैलीमा, 'तपाईंको यो काम त गरिदिने हो, तर हाम्रो पार्टी चलाउन चन्दा चाहियो नि' भन्छ रे !

पार्टीको नाम लिएर आफ्नै खल्तीमा हाल्नेहरू पनि छन् । ती इज्जतदार भ्रष्टाचारी हुन् रे । यस्ता भ्रष्टाचारीको बोलवाला भएको मुलुकमा कानुनको शासन फस्टाउन सक्दैन । कानुनको शासन कार्यान्वयन नहुँदासम्म भ्रष्टाचार नियन्त्रणको प्रयास पनि प्रभावकारी हुन सक्दैन ।

मुद्दा चलाउनेहरूले नै 'भोलि तपाईको मुद्दा जानेजस्तो छ, रोक्न प्रयास गर्नुस् है' भनेर फोन गरेका उदाहरण सुनिएका छन् । अलि कडा ढंगले फोनको घन्टी बजाउन सक्नेहरू सफल पनि भएका छन् । कानुनको शासनको दृष्टिकोणले यस्तो कुरा गर्न मिल्छ ? यही शैलीले गन्तव्यमा पुगिन्छ र ? भ्रष्टाचार ठ्याक्कै निमूल गर्ने हामीसँग कुनै जादुको छडी छैन । भ्रष्टाचार नियन्त्रण सामाजिक प्रक्रियाको विषय हो । एकाध व्यक्तिको प्रयासले तत्काल भ्रष्टाचार नियन्त्रणको प्रयास सम्भव हुँदैन, समय चाहिन्छ । सुधार गर्नुपर्ने ठाउँमा प्रयास गर्नुपर्छ र खबरदारी पनि आवश्यक हुन्छ । यसरी प्रयास गरियो भने केही सुधार हुन्छ, सुधार नभए पनि ठूलो क्षति हुँदैन ।

*(साभार: अनलाइनखबर)*

# सचिन परियार जसलाई आफ्नै 'बाल्यकाल' पनि बाँच्न दिइएन

आमिर खानले निर्माण गरेको एउटा हिन्दी फिल्म छ, 'पिपली लाइभ' । फिल्ममा दुई किसान दाजुभाइको कथा छ । कहिल्यै नसकिने दु:ख र कहिल्यै नभरिने पेट बोकेर बाँचेका उनीहरुलाई बैंकको ऋणले थप अत्याएको छ । यस्तो परिस्थितिमा उनीहरुले थाहा पाउँछन् कि कुनै किसानले आत्महत्या गरेको अवस्थामा स्थानीय सरकारले मुआब्जावापत राम्रै पैसा दिनेछ ।

अब सोझा किसान आत्महत्या गर्ने तयारीमा लाग्छन् । यो खबर स्थानीय समाचारदाता हुँदै मूलधारका टेलिभिजनसम्म पुग्छ । सरकारी मुअब्जाका लागि किसानले आत्महत्या गर्ने खबर ती मिडियालाई गजब लाग्छ । र, आत्महत्या गरेको एक्सक्ल्युसिभ समाचार देखाउने होडबाजी चल्छ ।

भएभरका मूलधारका मिडिया ती किसानको झुपडीमा पुग्छन् । प्रत्यक्ष प्रसारणका लागि ओबी भ्यानको ताँती लाग्छ । अब दर्जनौं क्यामेराले किसानलाई पछ्याउन थाल्छन् । खाना खाँदा होस् वा शौचालय जाँदा कहीं कतै छाड्दैन । किसानलाई आत्महत्या गरेर मर्नुभन्दा हरक्षण पछ्याइरहने क्यामेराबाट जोगिन मुस्किल हुन्छ ।

मूल विषयको संवेदनशीलतालाई ख्यालै नगरी कसरी कसैलाई सेन्सेसनल बनाउने होड चल्छ ? सो फिल्मले छर्लङ्ग देखाउँछ । सन् २०१० मा प्रदर्शित यो फिल्मको प्रसंग अहिले हाम्रो सन्दर्भमा ठ्याक्कै मेल खान्छ ।



जस्तो, सचिन परियारको कुरा गरौं । एउटा अबोध बालक जसलाई सोसल मिडियामा 'भाइरल' बनाइयो र सुविस्ताले बाँच्नसमेत दिइएन । न उनलाई लेखपढ गर्न दिइयो, न स्वच्छन्द बाल्यकाल बिताउन । कहिले गाउँमा पुऱ्याउने, कहिले सहरमा ल्याउने । कहिले गीत गाउन लगाउने, कहिले नाच्न । कहिले रुवाउन लगाउने, कहिले हँसाउन । उनी के चाहन्थे ? कस्तो जीवन बाँच्न चाहन्थे ? कसलै सोधीखोजी गरेनन् । बरु कुनैबखत सर्कसमा प्रयोग गरिने प्राणीलाई झैं मान्छेहरुले यी बालकलाई आफ्नो स्वार्थ र सुविधा अनुसार दोहन गर्न थाले । यस्तै धपेडीबीच उनी रोगी भए ।

उनको रोगी शरीरलाई कहिले दोहोरीमा पुऱ्याइयो, कहिले झाँक्रीकहाँ । त्यसलाई भिडियो बनाएर सोसल मिडियामा व्यापक बनाइयो । उनी नाचेको, हाँसेको मात्र होइन, बिरामी भएको, बाटोमा मागेर हिंडेको विषयलाई पनि 'बिकाउ सामग्री' बनाइयो ।

केही समयअघि उनी काठमाडौं बानियाँटारस्थित महादेव खोलानजिक खानेकुरा माग्दै हिंडेको भेटिए । स्थानीयले उनका बुवा तेजेन्द्रलाई जिम्मा लगाउन खोजे तर उनी सम्पर्कमा आएनन् । त्यसबेला उनले बुवासँग बस्न डर लाग्ने बताएका थिए ।

उनका बुवा स्वयंले सचिनमाथि व्यापक श्रम शोषण गरेको आरोप लाग्दै आएको छ । सचिनलाई भजाएर उनले पैसा उठाउने र रात्रिक्लब र दोहोरीमा गएर पैसा खर्च गरेको आरोप छ । कहिले छोरालाई एकक्षण आराम पनि गर्न नदिई महोत्सवहरूमा डुलाउने त कहिले बिरामी भएको भन्दै चन्दा उठाउने गरेको कतिपयको भनाइ छ । त्यसो त कति भिडियोमा उनले सचिनलाई दुर्व्यवहार गरेकोदेखि अनेक तमासा गर्दै हिंडेको देख्न सकिन्छ ।

सचिन सानै छँदा उनकी आमाले छाडेर गएको बताइन्छ । बुवा तेजेन्द्रले अर्की आमा ल्याए । यसरी बुवाआमा भएर पनि सचिन अनि उनकी एक बहिनी अनाथ जस्तै भए । हर्मोनल असन्तुलन र स्नायुको समस्याले गर्दा उनको शारीरिक विकास सही ढंगले भएको थिएन ।

यस्तै स्थितिमा गुल्मी सदरमुकाम तम्घासको कुनै बाटोमा उनी आफ्नै सुरमा खेल्दै हिंडिरहेका भेटिएका थिए । त्यही बेला कसैले उनको भिडियो खिचेर सोसल मिडियामा राखेपछि उनी 'भाइरल' बने । भाइरल बन्नुको पछाडि उनको खास कुनै प्रतिभाले भन्दा पनि बोल्ने शैली र लवजलाई 'मनोन्जनको खुराक' बनाइए । उनलाई आवश्यक मार्गदर्शन दिने, सम्मान गर्ने होइन बरु हाँसोको पात्र बनाउने काम बढी भयो ।

सोसल मिडियामा उनको भिडियो हेर्ने जमात जसरी बढ्दै गयो, त्यसरी नै सचिनको धपेडी पनि । उनलाई बोल्न, गाउन, नाच्न लगाएर धमाधम भिडियो खिच्ने होड चल्यो । यस्तो होड, जसले उनलाई आफ्नै ढंगले बाँच्न दिएन । अन्तत: आफैंलाई चिन्न नपाई उनको निधन भयो ।

सचिनमाथि अहिलेसम्म जे जति भयो, त्यो उनको अबोधपन माथिको खेलबाड थियो । गरिब हुनु, त्यसमाथि दलित पनि । दर्बिलो अभिभावकत्व नमिल्नु, त्यसमाथि कमजोर पनि । यावत् कुराको एकमुष्ट बोझ उनले भुक्तान गर्नुपऱ्यो ।

*(स्रोत: अनलाइनखबर)*

# 'लाज शरणम्'बाट बालेनको पार्श्व गायनमा डेब्यु



काठमाडौं/काठमाडौं महानगरका मेयर बालेन शाह ऱ्याप गायकको रुपमा पनि परिचित छन् । उनले गाएको 'गरिबको चमेली बोल्दिने कोही छैन' गीत युवापुस्तामा निकै चर्चित छन् । 'मन यो उड्यो', 'नेपाल हाँसेको', 'स्टे ट्रु', 'गोर्खाली तोप', 'स्याभेज', 'मार्फाको मदिरा', 'यथार्थ', 'आस्तिक' पनि उनका चर्चित गीतहरुमा पर्छन् । तर, काठमाडौंको मेयर बनेपछि उनका गीत सार्वजनिक भएका छैनन् ।

अब लामो समयपछि बालेनको गीत दर्शकले सुन्न पाउने भएका छन् । आगामी फागुन १४ गते अर्थात् महाशिवरात्रिबाट प्रदर्शनमा आउन लागेको फिल्म 'लाज शरणम्'मा एक गीत गाउँदै उनले पार्श्व गायनमा डेब्यु गरेका छन् । केही दिनअघि रेकर्ड भइसकेको गीतमा बालेन स्वयंको शब्द तथा संगीत छ । उक्त गीत फिल्म रिलिजअघि नै सार्वजनिक गर्ने तयारीमा निर्माता छन् ।

'लाज शरणम्'का मुख्य कलाकार अर्जुन घिमिरे (पाँडे)सँग बालेनको घनिष्ट सम्बन्ध छ । उनलाई मेयरमा जिताउन अर्जुन अहोरात्र खटिएका पनि थिए । अर्जुनकै आग्रहमा बालेनले फिल्ममा गीत गाएको बताइन्छ । प्राप्त जानकारी अनुसार उनले तयार पारेको गीत फिल्ममा कथावाचनको रुपमा प्रयोग हुनेछ । उनको गीतले फिल्मको हाइप बढाउने निश्चित छ ।

'लाज शरणम्'लाई हास्य सिरियल 'सक्किगोनि' समूहले निर्माण गरेको हो । कुमार कट्टेल (जिग्री ब्रो)को निर्देशनमा बनेको फिल्ममा अर्जुनसहित हरिस निरौला, विजय बराल, सागर लम्साल, प्रशान्त ताम्राकार, महेश त्रिपाठी, अर्पण थापा लगायतको अभिनय रहेको छ । फिल्मले वैदेशिक रोजगारीमा जानुपर्ने देशको स्थिति र त्यसले निम्त्याएको कहालीलाग्दो कहरको कथा बोल्ने जनाइएको छ ।

# दयाहाङका फिल्म ६ महिना आएनन्, अब फिल्मै फिल्म




काठमाडौं/गत वर्ष सबैभन्दा धेरै फिल्म रिलिज हुने अभिनेताको कीर्तिमानी दयाहाङ राईले बनाए । उनका ९ वटा फिल्म प्रदर्शनमा आएका थिए । दुईपटक त उनका आफ्नै फिल्मबीच भिडन्त भयो । यस वर्ष पनि उनकै फिल्म धेरै रिलिज हुने देखिन्छ । त्यो पनि गत वर्षकै हाराहारीमा । गत बैशाख, जेठ र असारमा उनका ३ वटा फिल्म 'मनसरा', 'गाउँ आएको बाटो' र 'घरज्वाइँ' प्रदर्शन भए ।

असार २८ गते आएको 'घरज्वाइँ'पछि भने उनका कुनै फिल्म प्रदर्शन भएका छैनन् । अब करिब ६ महिनापछि उनको नयाँ फिल्म 'कार्साङ' आगामी साता (पुष २६ गते) प्रदर्शनमा आउँदैछ । माघ महिनामा भने उनका कुनै फिल्म आउने छैनन् । तर, फागुन र चैतमा उनका चार फिल्म प्रदर्शनको तयारीमा छन् । दुईवटा फिल्म त एक दिनको अन्तरमा समेत रिलिज हुँदैछन् ।

आगामी फागुन २ गते दयाहाङको मुख्य भूमिका रहेको फिल्म 'दु:खी आत्मा' प्रदर्शनमा आउँदैछ । यसपछि फागुन २९ गते उनी अभिनीत 'अञ्जिला' प्रदर्शनको तयारीमा छ । यो फिल्म रिलिजको भोलिपल्ट अर्थात् चैत १ गते भने उनको अर्को फिल्म 'पूजा, सर : राजागञ्ज' प्रदर्शनमा आउने तय छ । अर्थात् एक दिनको अन्तरमा उनका दुई फिल्म हलमा लाग्नेछन् ।

यस वर्षको बिदाइ पनि दयाहाङकै फिल्मबाट हुँदैछ । त्यो हो, 'पिताम्बर' । यो फिल्म नयाँ वर्ष २०८१ को छेको पारेर आगामी चैत २९ गतेबाट प्रदर्शन हुँदैछ । यसरी हेर्दा पुषदेखि चैतसम्म उनका ५ वटा फिल्म प्रदर्शन हुनेछन् । बैशाख, जेठ र असारमा प्रदर्शन भएका तीन फिल्मसहित यस वर्ष उनको फिल्म रिलिजको संख्या ८ वटा पुग्नेछ । यो नेपाली फिल्ममा 'दयाहाङ युग'को प्रमाण हो ।

# 'राजागञ्ज' पोस्टरमा एसपी दयाहाङ, विवाहित निकिता

काठमाडौं/'ह्वाइट' सन (सेतो सूर्य) र 'हाइवे' फिल्मबाट अन्तर्राष्ट्रिय रुपमा ख्याति कमाएका निर्देशक दीपक रौनियारको नयाँ फिल्म 'पूजा, सर : राजागञ्ज' आगामी चैत १ गतेबाट प्रदर्शनमा आउँदैछ । यो फिल्म थुप्रै अन्तर्राष्ट्रिय फेस्टिभलहरुमा स्क्रिनिङ भइसकेको छ । गत भदौमा विश्वप्रसिद्ध भेनिस फिल्म फेस्टिभलमा वर्ल्ड प्रिमियर हुँदा फिल्मलाई १० मिनेट लामो 'स्ट्यान्डिङ ओभेसन' मिलेको थियो ।

अब घरेलु बजारमा फिल्म रिलिज गर्न लागेका निर्देशक रौनियारले बिहीबार एक पोस्टर सार्वजनिक गरेका छन्, जसमा चार प्रमुख कलाकार दयाहाङ राई, आशा मगराती, विजय बराल र निकिता चाण्डक चित्रित छन् । दयाहाङ एसपीको पोशाकमा देखिएका छन् । पोस्टरमा चित्रित चार पात्र कुनै घटनाको अनुसन्धान गरिरहेको प्रहरीको टोली हुनसक्ने देखिन्छ ।

भारतका प्रसिद्ध निर्देशक अनुराग कश्यप कार्यकारी निर्माताको रुपमा जोडिएको 'राजागञ्ज'मा ऋचा शर्मा, गौमाया गुरुङ, पशुपति राई, पुष्पा यादव, धनश्याम मिश्र, निरज श्रेष्ठ लगायतको पनि अभिनय छ । यो फिल्मको फ्रान्स, जर्मनी, स्विजरल्यान्ड, बेलायत, आयरल्यान्ड जस्ता देशका लागि महंगो मूल्यमा प्रदर्शन अधिकार बिक्री भइसकेको छ ।

फिल्मको निर्मातामा निर्देशक रौनियारसहित आशा मगराती, 'कबड्डी' निर्देशक रामबाबु गुरुङ र अलन आर. मिलिगन रहेका छन् । यसको स्क्रिनप्ले निर्देशक रौनियारले आशा मगरती र डेविड बार्करसँग मिलेर तयार पारेका हुन् । सांसदको छोरासहितका दुई बालक अपहरणमा परेपछि उनीहरुलाई मुक्त गराउन प्रहरीले चालेको खोजी अप्रेसनको कथा फिल्मले पेश गर्ने जनाइएको छ ।

# धितोपत्र बोर्डले अझै किन रोकिरहेको छ आईपीओ ?

काठमाडौं/नेपाल धितोपत्र बोर्डको कार्यबाहक अध्यक्षको रुपमा सन्तोषनारायण श्रेष्ठले जिम्मेवारी सम्हालेको एक महिना बितिसेकेको छ । अध्यक्ष नियुक्तिपछि पाइपलाइनमा रहेका आईपीओ निष्कासन धमाधम हुने चर्चा थियो । तर उनले अध्यक्षको पदभार सम्हालेको एक महिना बित्दा पनि कुनै कम्पनीले आईपीओ निष्कासनको स्वीकृति पाएका छैनन् । मंसिर १० गते सरकारले श्रेष्ठलाई अध्यक्ष पदमा नियुक्त गरेको थियो ।




अध्यक्ष नियुक्तिपछि आईपीओको बाढी आउने र त्यसले दोस्रो बजारलाई समेत प्रभाव पार्न सक्ने विश्लेषण भएका थिए । डेढ वर्षदेखि नै कम्पनीहरु पाइपलाइनमा रहेकाले ती कम्पनीलाई विवरण अद्यावधिक गर्न लगाइएको प्रवक्ता निरञ्जय घिमिरे बताउँछन् ।

'बोर्डमा आवेदन दिँदा ती कम्पनीले सोही बेलाका वित्तीय विवरणहरु पेश गरेका हुन्छन्, धेरै समय बितिसकेकाले ती कम्पनीलाई अद्यावधिक भएको नयाँ विवरणहरु पठाउन भनेका छौं' उनले भने 'नयाँ विवरण आइसकेपछि, प्रक्रिया पूरा गरेकालाई आईपीओ निष्कासनका लागि स्वीकृत गर्छौं ।'

सबैलाई एकैपटक निष्कासनको अनुमति दिने नभई प्रक्रिया पूरा गरेकालाई क्रमिक रुपमा स्वीकृति दिइने उनले बताए । 'एकैपटक ह्वारह्वार्ति आईपीओ निष्कासन हुन्छ भन्नु गलत हो, क्रमिक रुपमा निष्कासन हुने हो' उनले भने । यसअघि १२ पुस २०८० मा सार्वजनिक लेखा समितिले प्रतिसेयर नेटवर्थ ९० भन्दा कम रहेका हाइड्रोपावर कम्पनीलाई आईपीओको स्वीकृति नदिन भन्दै बोर्डलाई निर्देशन दिएको थियो । यो निर्देशनले पनि आईपीओ निष्कासन अप्ठेरो परेको अर्का एक उच्च अधिकारीले बताए ।

अहिले आईपीओका लागि स्वीकृत मागेका अधिकांश हाइड्रोपावर कम्पनीको नेटवर्थ ९० भन्दा कम छ । 'कि त लेखाको यो निर्देशन सच्याउनुपर्ने हुन्छ, अन्यथा त्यो निर्देशनलाई बेवास्ता गरेर जाँदा भोलि बोर्डमाथि प्रश्नहरु खडा हुन सक्छ, त्यसकारण पनि अहिले हाइड्रोपावर कम्पनीलाई आईपीओ निष्कासनको स्वीकृति दिन असहज भएको छ ।'

अध्यक्ष श्रेष्ठ नियुक्ति हुनुअघि नै गार्डिन माइक्रोलाइफ इन्स्योरेन्स कम्पनीले आईपीओ निष्कासनको स्वीकृति पाएको थियो । त्यसयता कुनै कम्पनीले स्वीकृति पाएका छैनन् । उनी अध्यक्ष भइसकेपछि हकप्रद तथा एफपीओ निष्कासन कार्य भएका छन् । अहिले बोर्डमा आईपीओ निष्कासनको पाइपलाइनमा ८२ कम्पनी छन् । यी कम्पनीले कुल ४९ अर्ब ८१ करोड रुपैयाँ बराबरको आईपीओ निष्कासनका लागि अनुमति मागेका हुन् ।

पाइपलाइनमा रहेकामध्ये अधिकांश हाइड्रोपावर सेक्टरका कमपनी छन् । कुल ४१ वटा हाइड्रोपावर कम्पनीले १६ अर्ब ५२ करोड रुपैयाँ बराबरको आईपीओ निष्कासनका लागि अनुमति माग गरेका छन् । त्यस्तै होटल तथा पर्यटन सेक्टरका ७ कम्पनीले ३ अर्ब ३१ करोड रुपैयाँको आईपीओ ल्याउन अनुमति मागेका छन् । लगानी समूहका तीन कम्पनीले २ अर्ब ८४ करोडको आईपीओ निष्कासनका लागि अनुमति मागेका छन् ।

उत्पादन तथा प्रशोधन समूहका १५ कम्पनीले २२ अर्ब ६८ करोड तथा अन्य सेक्टरका १० कम्पनीले ३ अर्ब ३२ करोडको आईपीओ निष्कासनका लागि अनुमति मागिएको छ । एक माइक्रोफाइनान्स र पाँच माइक्रोइन्स्योरेन्स कम्पनीले आईपीओ निष्कासनका लागि अनुमति मागेका छन् ।

सार्वजनिक निष्कासनका लागि लामो समयदेखि पर्खाइमा रहँदा दर्जनौं कम्पनीका अर्बौंको आयोजनालाई क्षति भइरहेको छ । स्वतन्त्र ऊर्जा उत्पादक संघ (इप्पान) अध्यक्ष गणेश कार्कीले लामो समयदेखि सार्वजनिक निष्कासन मार्फत पूँजी जुटाउन नसक्दा अर्बौं नोक्सानी बेहोर्नुपरेको बताए ।

'पहिले नै ऋण र इक्विटी मार्फत पूँजी जुटाउने योजना बनाएर त्यही अनुसार निर्माणको काम अघि बढाइन्छ,' कार्कीले भने, 'अहिले निर्माण कार्य करिब सकिएका आयोजनालाई पनि समस्या भयो । इक्विटीमार्फत जुट्ने रकम नभएपछि बैंकले समेत ऋण दिन आनाकानी गर्छन् । ऋण पाउँदा पनि ब्याजले लागत झन् महँगिन जान्छ ।' प्राथमिक निष्कासन नहुँदा करोडौंको क्षति भइसकेको छ, अझै कति हुने ठेगान छैन, तर बोर्ड र सरकारले त्यसमा ध्यान नदिएको उनले बताए ।

प्राथमिक बजारबाट पूँजी जुटाउन नसक्दा काममा भएको ढिलाइले दीर्घकालीन लागत चर्किएको छ । 'अहिले स्रोत नभएकै कारण कतिपय आयोजना निर्माण कार्यलाई सुस्तता दिन बाध्य भएका छौं,' उनले भने । अहिले बोर्डमा आईपीओ निष्कासन पाइपलाइनमा रहेका कम्पनीमा हाइड्रोपावर संख्या अधिक छ । साथै आईपीओका लागि अनुमति मागेका कम्पनीमा हस्पिटल, सञ्चारमाध्यम, औषधि उत्पादन कम्पनी, स्टिल तथा सिमेन्ट उत्पादन कम्पनी, व्यापारिक कम्प्लेक्स लगायत छन् ।

आईपीओका लागि अनुमति माग गरेका कम्पनीमध्ये दुई कम्पनी अकामा होटल र नेपाल ब्रोडकास्टिङ च्यानलले प्रतिकित्ता अंकित मूल्य ५० रुपैयाँका दरले निष्कासन गर्दैछन् । १० वटा कम्पनीले भने प्रिमियम थप गरेर १ सय रुपैयाँभन्दा बढीमा आईपीओ निष्कासनका लागि अनुमति मागेका छन् ।

शिवम् होल्डिङ्ले २१०, जगदम्बा स्टिलले ३००, सौर्य सिमेन्टले २६४.५, मारुती सिमेन्टले ३७७, रिद्धिसिद्धि सिमेन्टले २१४.१, अम्बे स्टिलले ३०३, ह्याम्स हस्पिटलले २८८, कैलाश हेलिकप्टरले ३२७, सेन्चुरी इनर्जीले २७५.१ तथा छायाँदेवी कम्प्लेक्सले ४०० रुपैयाँका दरले आईपीओ निष्कासनका लागि अनुमति मागेका छन् ।

# अख्तियारलाई अब टेलिफोन विवरण प्राप्तिको अधिकार

काठमाडौं/२०७६ साल माघ ७ गते राष्ट्रिय सभामा दर्ता भएको भ्रष्टाचार निवारण ऐन-२०५९ लाई संशोधन गर्न बनेको विधेयक संसदीय समितिबाट सर्वसम्मतीबाट पारित भएको छ । बिहीबार बसेको प्रतिनिधि सभा अन्तर्गतको राज्य, व्यवस्था तथा सुशासन समितिको बैठकले विधेयक पारित गरेको हो ।

बिहीबार पारित भएको विधेयकको ड्राफ्टमा अख्तियारलाई शक्तिशाली बनाउन अनुसन्धानमा रहेको व्यक्तिको टेलिफोनमा पहुँच दिइने व्यवस्था उल्लेख छ । अख्तियारलाई शक्तिशाली बनाउन दिन लागिएको मुख्य थप अधिकार मध्ये टेलिफोनमा पहुँच पनि एक हो । यस अन्तर्गत अख्तियारलाई 'अदालतको अनुमति लिएर टेलिफोन वा सञ्चारमाध्यमको विवरण प्राप्त गर्ने (इन्टरसेप्सन)' को अधिकार दिइएको छ ।

यो अधिकार पाएपछि अखितयारले अदालतको अनुमति लिएर कुनै पनि व्यक्तिको कल रेकर्ड आफैं गर्न वा सम्बन्धित संस्थाबाट मगाएर अध्ययन गर्न सक्नेछ । प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय सभामा दर्ता गरेको यो विधेयक २०७७ साल असार ८ गते पारित भएको थियो । प्रतिनिधिसभाले सैद्धान्तिक छलफल गरेर ३१ भदौ २०८० मा विधेयकलाई राज्य व्यवस्था समितिमा पठाएको थियो । राज्य व्यवस्था समितिले बिहीबार उक्त विधेयक पारित गरेको छ ।

समितिबाट पारित भएको उक्त विधेयक अब प्रतिनिधि सभामा पुग्नेछ । नेपाली कांग्रेसका सांसद हृदयराम थानी नेतृत्वको उपसमितिले अख्तियारलाई थप अधिकार दिनेगरी विधेयकमा सहमति जुटाएको थियो । अखितयार सम्बन्धी प्रचलित ऐनको दफा ३२ मा आयोगले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्न सक्ने व्यवस्था छ । यसमा ३२ 'ख' थपेर संसदीय उपसमितिले 'विशेष अनुसन्धान विधि र नवीन प्रविधि अवलम्बन गर्न सक्ने' भनेको छ ।

समितिबाट पारित भएर अघि बढेको यो विधेयकलाई संसद्ले पनि स्वीकार गरेको खण्डमा अखितयार दुरूपयोग अनुसन्धान आयोगको अधिकार थप विस्तार हुनेछ । अखितयारले पाउने थप अधिकारसँगै प्रमाण वा सूचना प्राप्त गर्ने उद्देश्यले अनुसन्धानमा रहेको व्यक्तिलाई निरन्तर निगरानीमा राख्नुपर्ने दायित्व पनि थप गरिएको छ । यसले पनि अखितयारलाई आरोपित व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान गर्नकालागि मद्धत पुऱ्याउनेछ । जसमार्फत अख्तियारले थप पाँच अधिकार प्राप्त गरेको छ :

पहिलो : नियन्त्रित अनुसन्धान विधि (कन्ट्रोल डेलिभरी)

दोस्रो : गुप्त अनुसन्धान कारबाही (अन्डर कभर अपरेसन)

तेस्रो : अदालतको अनुमति लिएर टेलिफोन वा सञ्चार माध्यमको विवरण प्राप्त गर्ने (इन्टरसेप्सन) ।

चौथो : कम्प्युटर वा अन्य विद्युतीय साधनको संरचना वा प्रणालीमा पहुँच ।

पाँचौं : थप प्रमाण वा सूचना प्राप्त गर्ने उद्देश्यले अनुसन्धानमा रहेका व्यक्तिलाई निरन्तर निगरानीमा राख्ने ।


## सादर निमन्त्रणा

हाम्रा ममतामयी माता **दीलकुमारी श्रेष्ठ**को मिति २०८१/०९/०८ गतेका दिन असामयिक निधन भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हामीप्रति समवेदना व्यक्त गर्दै सागरमा पाल्नुहुने, भेटघाटमा पाल्नुहुने र पत्रपत्रिका साथै सामाजिक सञ्चालमार्फत् समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजन, बन्धुबान्धव, इष्टमित्र, साथीभाई लगायत सम्पूर्णमा २०८१/०९/१९ गते शुक्रबारका दिन १३ औं दिनको पुण्यतिथिमा पितृप्रसाद ग्रहणका निम्ति सादर निमन्त्रणा गर्दछौं ।

मिति: २०८१/०९/१९ गते | समय: दिनको १:00 बजे | स्थान: हेटौंडा-८, कमाने आफ्नै निवास

**छोरा/बुहारी**

श्री हिरालाल/उमा श्रेष्ठ
श्री धर्मलाल/पुलम श्रेष्ठ
डा. किशोरलाल/नतासा श्रेष्ठ
श्री मोतीलाल/सुशिला श्रेष्ठ
श्री रामलाल/चित्रा श्रेष्ठ
श्री गणेशलाल/शुसिला श्रेष्ठ

**छोरी/ज्वाइँ**

शुभद्रा/टेकनारायण श्रेष्ठ

एवम्

**समस्त श्रेष्ठ परिवार**

# जिल्ला बचत संघले अब आफ्नै भवनबाट सेवा दिने

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/जिल्ला बचत तथा ऋण सहकारी संघको आफ्नै भवनको उद्घाटन गरिएको छ । संघको २० औं स्थापना दिवसको अवसर पारेर बिहीवार बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोर मणि पौडेलले उद्घाटन गरे ।

संघका अध्यक्ष कल्पना श्रेष्ठको अध्यक्षता तथा पूर्वमुख्यमन्त्री पौडेलको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । मकवानपुरका विभिन्न स्थानीय तहमा रहेका बचत तथा ऋण सहकारी संस्थाको साझा छाता संगठनको रुपमा रहेको संघले अब आफ्नै सुविधासम्पन्न भवनबाट सेवाप्रवाह गर्ने भएको हो । सबै सहकारीलाई एकीकृत गर्दै बचत र ऋणको कारोबार गर्दै अझै सशक्त भएर अघि बढ्नुपर्ने दायित्व थपिएको संघका सचिव वीरेन्द्रप्रसाद ढुंगानाले बताए ।

हेटौंडा-२ मा अण्डरग्राउड पार्किङसेवा सहितको भवन निर्माण गरिएको छ । ३४ धुर क्षेत्रफलको जग्गामा २९ सय स्क्वाएर फिटमा घर निर्माण गरिएको ढुंगानाले बताए । भवन निर्माणमा सहयोग गर्ने विभिन्न सदस्य संस्था, स्थानीय तह लगायत व्यक्तित्वलाई सम्मानपत्र प्रदान गरिएको थियो । त्यस्तै, उत्कृष्ट स्टल राख्ने सहकारी संस्थालाई पनि पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटा, राष्ट्रिय सहकारी महासंघका सदस्यहरु बद्रीप्रसाद लम्साल, टेकप्रसाद चौलागाई, सुमन नेपाल, प्रदेश सहकारी संघका अध्यक्ष रामशरण घिमिरे, राष्ट्रिय वीमा कम्पनीका अध्यक्ष दिनेश उपाध्यायलगायतको आतिथ्यता रहेको थियो । संघले स्थापना दिवसकै अवसर पारेर सहकारीबाट उत्पादित वस्तु तथा प्रशोधित वस्तुको ४१ वटा स्टलबाट बिक्री तथा प्रदर्शनी गरिएको थियो । १६ गतेबाट सुरु भएको प्रदर्शनी पनि बिहीवार समापन भएको छ ।

प्रदर्शनीमा हस्तकला, खाद्यसामग्री र डेरी परिकार, सिन्धुलीको जुनार, मनहरी/राक्सिराङका बोडी, सिमी, मह, मासलगायत गेडागुडी, ईन्द्रसरोवरका धुप, अमला, हर्रो, लप्सी, रुख ट्यामटर, सुन्तला, काउली, किवी राखिएको थियो । विभिन्न किसिमका अचार, गिफ्ट आइटम, हातले बुनेका चकटी, नाम्लो, मुढालगायत सामग्री, रैथानेबाली कोदो, फापरको पिठो साथै परिकारको स्टल राखिएको थियो । स्टलमा घ्यु, मह, पनिर लगायत दुधजन्य परिकार, दारको काठबाट बनेका ठेकीहरु प्रदर्शनीमा राखिएको थियो । बेसार, तेल, चियापत्ति, थाक्लबाट निर्मित टोपीहरु पनि स्टलमा थियो ।







# सर्प उद्दारका लागि 'गरिव'लाई उपमहानगरको सहयोग




साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ वातावरण सन्तुलनका लागि महत्वपूर्ण प्राणीको रुपमा मानिने सर्पको संरक्षण र उद्दारका लागि हेटौंडा उपमहानगर पालिकाले सामग्री हस्तातरण गरेको छ ।

हेटौंडामा रहेर सञ्चार कर्मका सक्रिय रहका बाबु छोरालाई सर्प उद्दारका लागि उपमहानगरका नगरप्रमुख मीनाकुमारी लामाले सामग्री हस्तान्तरण गरेकी हुन् । अनलाईन सञ्चार माध्यममा सक्रिय रहेका राजेश थापा 'गरीव' र रोशनदीप थापालाई सर्प उद्दारमा प्रयोग गरिने स्नेक क्याच, स्नेक टंक, हुक स्टीक, बुटसेट, व्याग, ग्लोब्स, हेड टर्च सहितको सामग्री नगरप्रमुख लामाले हस्तान्तरण गरेकी हुन् । राजेश र रोशन बाबु छोरा हुन् । सामग्री ३५ हजार मूल्य बराबरको रहेको उपमहानगर जिन्सी शाखाले जनाएको छ ।

सामग्री हस्तान्तरण गर्दै नगरप्रमुख लामाले सेवामुखी भावले जोखिमपूर्णकार्य बिनासुरक्षा काम गरेकाले सहयोग गरेको बताइन् । उनले सुरक्षित ढङ्गले काम गर्नका लागि सहयोग होस् भन्ने उद्देश्यले उपमहानगरले सामग्री उपलब्ध गराएको बताइन् । सकारात्मक कामका लागि उपमहानगरको सहयोग रहने भन्दै सर्प उद्दार गर्दा सुरक्षित भएर काम गर्न शुभकामना दिइन् ।

उनले पत्रकारितासँगै उपमहानगरभित्रका घरघरमा पुगेर निःशुल्क सेवाका भावले सर्प उद्दार गरेकोमा धन्यवाद समेत दिइन् । उपमहानगर परिसरमा भएको सामग्री हस्तान्तरण कार्यक्रममा नगरप्रवक्ता तथा हेटौंडा-१ का अध्यक्ष सबिन न्यौपाने, हेटौंडा-८ का अध्यक्ष रामकृष्ण थापा, हेटौंडा-९ का अध्यक्ष सुकराम केसीको सहभागिता रहेको थियो ।

उनीहरुले हेटौंडा उपमहानगरभित्रका हरेक वडासहित छिमेकका पालिकाको बस्तीमा घर भित्र पसेका सर्प उद्दार गरेर मानव बस्तीभन्दा टाढा बनक्षेत्रमा लगरे छाड्ने गरेको बताए । सर्पको उद्दार पछि विषालु र अविषालु पहिचान गरी डिभिजन वनसँगको समन्वयमा मानव र सर्प दुबैलाई हानी नहुने गरी बनक्षेत्रमा छाडिने गरेको उनीहरुले बताए । सर्प उद्दारमा खटिदै गर्दा बिनासुरक्षा काम गरेको भन्दै उपमहानगरले आवाश्यक सामग्री उपल्ब्ध गराएकोमा खुशी व्यक्त गरे ।

सर्प उद्दार गर्दै गर्दा आफूहरुले अहिलेसम्म १४ प्रकारका सर्प फेला पारिसकेको र जसमा विषालु किङ्गकोब्रा, स्पेक्टिकल कोब्रा (गोवन सेतीनाग), मोनोस्लेड कोब्रा (गोवन चन्द्रानाग), ग्रिनपिट भाइपर, बेण्डेड करेत फेला परेका छन् । कम विषालुमा कपर हेडेट ट्रिङ्गेट, कमन ट्रिङ्गेट, ट्वीन स्पोटेट, उल्फ् स्नेक, फ्रोस्टेन क्याट स्नेक, चेर्कड किलव्याक, अर्नेनेट फ्लङ्गेयाइ स्नेक, बफस्ट्रिप्ड किलव्याक र धामन सर्पको उद्दार गरेको थापाले बताए ।

## २२ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस नमुना बहुउद्देश्यीय सहकारी संस्था लि.को मिति २०८१/०८/०१ गते बसेको बैठकको निर्णय अनुसार संस्थाको २२ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा यसै सूचनालाई आधार मानी यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रमः**

मिति : २०८१/०९/२० गते, शनिबार
समय : बिहान ११:०० बजे ।
स्थान : रोयल पार्टी प्यालेस, हेटौंडा-४, मकवानपुर

**छलफलका विषयहरुः**

१) अध्यक्षको वार्षिक प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
२) उपाध्यक्षको प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।
३) कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत सम्बन्धा ।
४) लेखा परीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।
५) साधारण सभाको माईन्युट बुक प्रमाणित गर्न प्रतिनिधि नियुक्त सम्बन्धमा ।
६) निर्वाचन कार्यक्रम सम्बन्धमा ।
७) विविध सम्बन्धमा ।

**नमुना बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-१०, राप्तीरोड

## १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८१ पुस ६ गते शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार १६ औं वार्षिक साधारणसभा सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभामा तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभासम्बन्धी कार्यक्रमः**

मिति : २०८१ पुस २७ गते, शनिबार
स्थान : ॐ बृद्धाश्रमको सभाहल, हेटौंडा-२, चौकीटोल
समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरुः**

१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०८१/०८२ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०८०/०८१ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०८१/०८२ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) साधारणसभाको निर्णय प्रमाणित गर्न सदस्यको छनौट ।
७) विविध ।

**पुनश्चः** साधारणसभामा उपस्थित हुने सदस्यहरुका लागि रु ५०० यातायात खर्चको व्यवस्था गरिएको छ । सोको लागि शेयर सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

**सुन्दर बचत तथा ऋण सहकारी संस्था लि.**
चौकीटोल, हेटौंडा

# कुलेखानी-भीमफेदीसहित १२ सुरुङ मार्गको सम्भाव्यता अध्ययन सकियो

साझाकुरा संवाददाता



हेटौंडा, १८ पुस/संघीय सरकारमार्फत् अध्ययन भइरहेकामध्ये १२ वटा सुरुङको सम्भाव्यता अध्ययन सम्पन्न भएका छन् । विस्तृत अध्ययन भने हुनै बाँकी छ ।

अध्ययन सकिएको योजना मध्ये मकवानपुरको कुलेखानी-भीमफेदी (३.१५६ किलोमिटर) रहेको छ । तत्कालीन बागमती प्रदेश सरकारले बनाउने भनिएको सुरुङमार्ग २०७८ सालमा आएर प्रदेश सरकारले नै योजना स्थगित गरेको थियो । त्यतिबेलै सुरुङमार्गको अध्ययन सकिएको हो । अध्ययन सकिएका योजनामध्ये एक सुनसरीको धरान-लेउती सुरुङमार्ग पनि छ । यसको लम्बाइ ३.८७ किलोमिटर रहने छ । अर्को कैलाली र डोटीमा पर्ने खुटिया-बीपी नगर-दिपायल सुरुङमार्ग छ । यसको लम्बाइ ७.०१ किलोमिटर रहने छ ।

यसैगरी गोदावरीकुण्ड-काभ्रे मनेदोभान सुरुङमार्ग ललितपुर, काभ्रेपलाञ्चोकमा सम्भाव्यता अध्ययन सकिएको छ । यसको लम्बाइ ३.६५ किलोमिटर रहनेछ । सम्भाव्यता अध्ययन सकिएको अर्को बागलुङको व्यु-नरेठाटी (७.४४ किलोमिटर) सुरुङमार्ग छ । यस्तै पाल्पाको प्रबास-जोर्ते सडक सुरुङमार्ग (४ किलोमिटर) पनि छ ।

खुर्कोट-सिन्धुली (४.९० किलोमिटर), ताथली-रविओपी (४.५८ किलोमिटर), बबई-छिन्चु (५ किलोमिटर), सुनमाई-राजदुवाली (१२.३० किलोमिटर) र मझिम्टार-शक्तिखोर (१०.६० किलोमिटर) सुरुङमार्गका पनि सम्भाव्यता अध्ययन भइसकेको छ । रारा राजमार्गको कुशेपाटनअन्तर्गत जाजरकोट ब्याउली ढुंगा र जुम्लाको इमिलचा खोला सुरुङमार्ग (१०.०७ किलोमिटर)को पनि सम्भाव्यता अध्ययन सकी डीपीआर तयार गर्ने कार्य भइरहेको छ ।

**कहाँ पुग्यो कुलेखानी-भीमफेदी सुरुङ योजना ?**

कुलेखानी-भीमफेदी सुरुङमार्ग आयोजनाको डीपीआर तयार यसअघि नै भइसकेको हो । इटेको नेपाल प्रालिलगायत सातवटा परामर्शदाताले फरकफरक विषयमा सुरुङमार्गको प्राविधिक विषयको अध्ययन गरेका थिए ।

यो आयोजनामा सुरुङ सहित पहुँचमार्ग, त्यसमा बन्ने पुलसहितको संरचना निर्माण गर्न १८ अर्ब ७ करोड रुपैयाँ लाग्ने अनुमान थियो । भीमफेदी गाउँपालिका-६ को बगरबाट इन्द्रसरोवर गाउँपालिका-२ कुलेखानी ड्याम मुनिसम्म देउरालीको डाँडाको फेदीबाट सुरुङ बन्ने डीपीआर थियो । ३ दशमलव २१७ किलोमिटर लम्बाइको सुरुङमार्गमा ७-७ मिटर चौडाइका दुईवटा बनाउने योजना रहेको थियो । यो सुरुङमार्गले स्थलमार्गको २० किलोमिटर को दुरी छोटो बनाउनेछ ।

डीपीआर सकेको तत्कालीन प्रदेश सरकारले ग्लोबल टेण्डर आव्हान गर्न सकेको थिएन । २०७८ मा मुख्यमन्त्री राजेन्द्र पाण्डे भएपछि यो सुरुङमार्ग निर्माण प्रक्रिया अनिश्चित बनेको हो । संघीय सरकारले लगानी गर्न इच्छा नदेखाएको भन्दै सुरुङमार्गको काम रोक्न पाण्डेले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिएका थिए । तत्कालीन सत्तारुढ दल माओवादी केन्द्रको पनि साथमा पाण्डेले सुरुङमार्गको योजना सान्दर्भिक नभएको भन्दै अगाडि बढाउन चाहेको थिएन ।

प्रदेश सरकार अगाडि काठमाडौं-हेटौंडा द्रुतमार्ग परियोजना अन्तर्गत् कुलेखानी-भीमफेदीमा सुरुङ निर्माण गर्ने योजना नेपाल पूर्वाधार विकास कम्पनी लि. (एनपीबीसीएल) को थियो । सुरुङमार्ग निर्माणको अनुमति पाएको निजीक्षेत्रको नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडले सिन्कोसमेत भाँच्न नसक्दा प्रदेश सरकारले २०७६ सालबाट अग्रसर ता देखाएको हो । एनपीबीसीएलबाट २०६९ सालमा सुरुङमार्गको शिलान्यास गरिएको थियो ।

नेपाल पूर्वाधार विकास कम्पनीले यो सुरुङमार्ग निर्माण गर्ने गरी २०६९ साल वैशाखमा मन्त्रि परिषद्ले निर्णय गरेको थियो । तर, कम्पनीले ३१ करोड बढी रकम नागरिकस्तरबाट अग्राधिकार सेयरको नाममा उठाएको थियो । बैंक ग्यारेन्टीका लागि राखिएको ३ करोड बाहेक संकलन गरिएको रकम सबै खर्च भइसकेको यसअघि नै कम्पनीले जनाएको छ । न सडक परियोजना निर्माण हुन सक्यो, न त नागरिकको लगानी नै उठ्न । एनपीबीसीएलमा अग्राधिकार सेयरको नाममा लगानी गर्ने स्थानीयको रकम फिर्ता हुने सम्भावना देखिएको छैन ।

# चित्लाङ फुटबल क्लब फाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ हेटौंडामा जारी दोस्रो संस्करणको बागमती प्रदेश लिग फुटबल प्रतियोगिताको बिहीबार दोस्रो सेमीफाइनल खेलमा काठमाडौंको चित्लाङ फुटबल क्लब फाइनल प्रवेश गरेको छ ।

हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको खेलमा ललितपुर फुटबल क्लब ३-१ गोल अन्तरले पराजित गर्दै चित्लाङ फुटबल क्लब फाइनल प्रवेश गरेको हो । उपाधिका लागि शनिबार दिउँसो २ बजे चित्लाङ फुटबल क्लब र दोलखाको टाइगर टिम तिखातालबीच प्रतिस्पर्धा रहने बागमती प्रदेश फुटबल संघ (एन्फा)का महासचिव लवराज ठकुरीले बताए ।

बिहीवारको खेलमा काठमाडौंका यमन महर्जनले दुई र सुदीप बुढाथोकीले एकगोल गरेका थिए । महर्जनले खेलको तीन मिनेटमा पहिलो गोल गरेका थिए भने दोस्रो हाफको ४८ मिनेटमा दोस्रो गोल गर्दै क्लबलाई अग्रता दिलाएका हुन् । बुढाथोकीले भने ७२ मिनेटमा एकगोल गरेका थिए । ललितपुरको तर्फबाट भने ४२ औं मिनेटमा रामकृष्ण चौधरीले पहिलो हाफमा एकगोल फर्काए । खेलको म्यान अफ द म्याच काठमाडौंका यमन महर्जन घोषित भए । उनलाई तीन हजार नगद सहित ट्रफि प्रदान गरिएको छ ।

बुधबार भएको पहिलो सेमिफाइनल खेलमा दोलखाको टाइगर टिम तिखातालले सिन्धुलीको ब्लुअल्पाइन क्लबलाई २-१ गोल अन्तरले पराजित गरेको थियो । प्रतियोगितामा ११ जिल्लाको लिग विजेता टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले एकलाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने महासचिव ठकुरीले जानकारी दिए ।

## दैंक श्रद्धाञ्जली



जन्मः
१९८३ चैत्र १३ गते

स्वर्गारोहणः
२०८१ पौष ८ गते

स्वः दीलकुमारी श्रेष्ठ

यस संघका अध्यक्ष एवम् नेपाल ट्रक यातायात व्यवसायी महासंघका अध्यक्ष श्री हिरालाल श्रेष्ठ, भाईहरुः श्री मोतीलाल श्रेष्ठ, श्री धर्मलाल श्रेष्ठ, श्री रामलाल श्रेष्ठ, डा. किशोरलाल श्रेष्ठ, श्री गणेशलाल श्रेष्ठ र बैनी शुभद्रा श्रेष्ठको ममतामयी माता **दीलमाया श्रेष्ठ**को मिति २०८१/०९/०८ गतेका दिन भएको असामयिक निधनले हामीलाई मर्माहत बनाएको छ । शोक सन्तप्त परिवारजनमा यस दुःखद् घडीको सामना गर्न सक्ने शक्ति मिलोस् भनि गहिरो समवेदना व्यक्त गर्दै दिवङ्गत आत्माको चीरशान्तिको कामना सहित आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

सरोजकुमार खनाल (महासचिव)
*एवम्*
**नारायणी यातायात व्यवसायी संघ, परिवार**
हेटौंडा-४, पारिजातपथ